जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १२४ २०८१ साल मंसिर २८ गते शुक्रबार (13 Dec. 2024 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : लैङ्गिक समानताको नीति ... ३ पृष्ठमा : विद्युतीय गाडील ... ३ पृष्ठमा : अमेरिकी सैन्य अखडामा ...

## आज पत्रकार महासंघको निर्वाचन हुँदै

# सप्तरी शाखामा चार जना निर्विरोध, अध्यक्षमा देव र यादव भिड्दै





**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

नेपाल पत्रकार महासंघको आज केन्द्र, प्रदेश र जिल्लामा गरि तीनै तहमा निर्वाचन हुँदैछ । जसअन्तरगत नेपाल पत्रकार महासंघ सप्तरीमा चार जना उम्मेदवार निर्विरोध निर्वाचित भएका छन् ।

बुधबार विभिन्न पदमा उम्मेदवारी परेपछी बिहीबार दाबी बिरोध पश्चात् उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएको निर्वाचन संयोजक बैजनाथ झाले जानकारी दिएका छन् ।

उनका अनुसार सप्तरी शाखामा महिला सदस्य रक्षा चौधरी, आदिवासी जनजाती सदस्यमा बृजमान तामाङ, दलित सदस्यमा किशोर पासवान र केन्द्रिय परिषद् सदस्य महिलामा ढमला भट्राई निर्विरोध निर्वाचित भएका हुन् ।

सप्तरी शाखाकाको नयाँ कार्य समितिका लागि नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल र समाजवादी प्रेस संगठनको संयुक्त प्यानल तथा प्रेस सेन्टर र प्रेस मञ्चको संयुक्त प्यानलबाट उम्मेदवारी परेको छ ।

प्रेस युनियन सहितको संयुक्त प्यानलबाट अध्यक्षमा श्रवण कुमार देव, उपाध्यक्ष अनिल कुमार पोखरेल, उपाध्यक्ष महिला सुधा देव, सचिव खगेन्द्र कार्की, सहसचिव कृष्णकुमार मण्डल धानुक, सहसचिव समावेशी डम्बर राई, कोषाध्यक्ष नविन कुमार गुप्ता, सदस्य महिलामा रक्षा चौधरी, सदस्य दलितमा किशोर कुमार पासवान, मधेशी सदस्यमा अरुण कुमार यादव, सदस्य अन्य समावेशी परिष कुमार कर्ण, सदस्य खुल्लामा क्रमशः नर्मदेव यादव, शिव आचार्य, उत्तम आचार्य र रामनाराण यादवले उम्मेदवारी दर्ता गराएका हुन् ।

देव यस अघिको निर्वाचनबाट प्रेस युनियन सहितको प्यानलबाट अध्यक्षमा निर्वाचित भई महासंघ सप्तरीको नेतृत्व गर्दै आएका छन् । यसै गरि सोही प्यानलबाट केन्द्रिय सतिश कुमार दत्त र मनोजकुमार माझी र प्रदेश परिषद सदस्यहरुमा अरुण कुमार तिवारी, नरेश कुमार चौधरी, शैलेन्द्र झा, लोकेन्द्र प्रसाद यादव, पवन कुमार मिश्र, गणेशलाल देवले उम्मेदवारी उम्मेदवारी दिएका हुन् । यसै समूहबाट महिला सदस्य, दलित सदस्य र केन्द्रिय परिषद् महिला सदस्य निर्वाचित भएका हुन् ।

यस्तै प्रेस सेन्टर र प्रेस मञ्चको प्यानलबाट अध्यक्षमा वैद्यनाथ यादव, उपाध्यक्ष रामनारायण विश्वास, उपाध्यक्ष महिला मन्जु यादव, सचिव जितेन्द्र कुमार झा, सह सचिव दिनानाथ यादव, सह सचिव समावेशी विद्यानन्द राम, कोषाध्यक्ष गोपाल प्रसाद गुप्ता, सदस्य आदिवासी जनजाती बृजमान तामाङ्ग, सदस्य मधेशी कृष्णदेव यादव, सदस्य अन्य समावेशी भुषण कुमार सिंह, सदस्य खुल्लामा क्रमशः धर्मपाल राउत, विन्दू कुमार यादव, राजेन्द्र कुमार मिश्र र गंगा प्रसाद साह रहेका छन् ।

यादव यस अघिको निर्वाचनमा प्रेस मञ्चकै प्यानलबाट उपाध्यक्षमा निर्वाचित भई महासंघ सप्तरीको कार्यसमितिमा छन् ।

यसैगरि केन्द्रिय परिषद सदस्यहरुमा देवराम यादव, सुमन कुमार मिश्र छन् भने प्रदेश परिषद सदस्यहरुमा भुपेन्द्र प्रसाद मण्डल, आनन्द मोहन शर्मा, महेन्द्र प्रसाद मण्डलले उम्मेदवारी दर्ता गराएका छन् ।

यसै समूहबाट सदस्य आदिवासी जनजातीमा बृजमान तामाङ्ग पनि निर्विरोध निर्वाचित भएका छन् ।

# अनुगमनका क्रममा सिसि क्यामराको तार काटिएको भेटियो

**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

राजविराज नगरपालिकाले नगरक्षेत्र भित्रको सुरक्षालाई मध्यनजर गर्दै गत वर्ष मुख्य बजार क्षेत्रमा जडान गरेको सिसि क्यामराको तार काटिएको अवस्थामा भेटाएको छ ।

बिहीबार राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनको नेतृत्वमा गरिएको अनुगमनका क्रममा क्यामराको तार काटिएको अवस्थामा भेटिएको हो ।

राजबिराज नगरपालिका रोडसहित बजारको विभिन्न ठाँउमा जडान गरिएको उक्त क्यामराहरुको तार काटिएको पाइएकोले त्यसलाई निगरानीका लागि प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले आफ्ना गस्ती टोलीलाई क्यामरा निगरानी गर्न कडा निर्देशन दिएको उनले बताइन् ।

नगरपालिकाले राजविराजस्थित गजेन्द्र चौक, नेता चौक, राममन्दिर, अदालत रोड र रुपनी बसस्टेण्ट र पानीटंकी रोड सहितका क्षेत्रमा निगरानी गर्न सिसि क्यामरा जडान गरेको हो ।



गत आर्थिक बर्षको नगरसभाले विनियोजन गरेको ५० लाख बजेटबाट राजविराज नगरक्षेत्र भित्र एक सय २३ थान क्यामरा जडान गरिएको थियो ।

एक साता अघि मात्र अस्पतालका एक कर्मचारीको शव नगरपालिका कार्यालय छेउमै रहेको जिल्ला खेलकुद विकास समितिको परिसरमा झुण्डिएको अवस्थामा फेला परेको थियो ।

सिसि क्यामरामा उक्त घटना सम्बन्धी कुनै प्रमाण नभेटिएपछि नगरपालिकाले लाखौंको बजेटमा जडान गरेको उक्त क्यामराप्रति नगरपालिकाले निकै आलोचना खेप्नु परेको थियो ।

# मलखाद अविलम्ब बितरण गर्ने निर्णय

**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

संघीय सरकारबाट आएका मलखाद अविलम्ब बितरण गर्ने सप्तरीमा सर्वपक्षिय बैठकले निर्णय गरेको छ ।

जिल्ला समन्वय समिति सप्तरीका सभापति शिवनारायण साहको अध्यक्षता तथा जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंह, प्रदेश सभासदस्य महेश यादव तथा जिल्लाका सबै पालिकाका प्रमुखहरुको बसेको बैठकले सो निर्णय गरेको हो ।

सोही बैठकले विभिन्न निकायहरुबाट आएको मलखाद राजविराजस्थित कृषि सामाग्रि केन्द्र तथा साल्ट ट्रेडिङ कर्पोरेशनको गोदाममा रहेकोले अविलम्ब बितरण गर्ने, जिल्लामा माग बमोजिम मलखाद आपूर्ती नभएको र आएको समेत कालो बजारी तथा कृतिम अभाव गरी अझै किसानलाई पीडा दिने गरेकोप्रति गम्भिर ध्यानाकर्षण भएको ठहर गरेको छ ।

यस्तै बैठकले ती कार्यमा संलग्न सहकारी, डिलर तथा अन्य निकायलाई नियमानुसार कानुनी कारवाहीको माग समेत गरेको छ । बैठकले जिल्लामा आवश्यक मलखाद मध्ये करिब ३० प्रतिशत पनि आपूर्ती संघ सरकारबाट समेत आपूर्ती नभएकोले जिल्लालाई आवश्यक पर्ने मलखाद अविलम्ब आपूर्ती गर्न संघ सरकारसँग माग गर्ने निर्णय समेत गरेको छ ।

# मधेसका पत्रकार चुनावमा व्यस्त

महोत्तरी, २७ मंसिर (रासस) ।

सधैँ अरुका खबर लेख्ने पत्रकार अहिले आफैँ खबर बनेका छन् । नेपाल पत्रकार महासङ्घको केन्द्र, प्रदेश, जिल्लाशाखा र प्रतिष्ठान शाखाहरूको भोलि हुने निर्वाचनले उनीहरू खबरमा छाएका हुन् ।

मधेसका पत्रकार मात्र होइन देशभरका सञ्चारकर्मी अहिले चुनावमा व्यस्त छन् । बुद्धिजीवी, विश्लेषक र पत्रकारिताक्षेत्रसँग चासो राख्ने सबैबीच चुनावको चर्चा छ ।

महासङ्घ केन्द्रीय समितिका पदाधिकारी र विभिन्न क्षेत्र (क्लष्टर)बाट प्रतिनिधित्व हुने केन्द्रीय सदस्यका लागि उमेद्वारहरू समूहमा र एक्लाएक्लै भोट माग्दै हिँडेका छन् ।

मधेस प्रदेशमा केही स्वतन्त्रसहित तीन समूह चुनावी प्रतिस्पर्धामा छन् । वर्तमान प्रदेश महासचिव पर्साका श्याम वञ्जारा, सप्तरीका अवधेश झा र धनुषाका नवलकिशोर यादवसहित तीन समूह चुनावी मैदानमा छन् । यीमध्ये वञ्जारा नेतृत्वको समूह नेपाल प्रेस युनियन र प्रेसचौतारी नेपालको गठबन्धनको हो । यसैगरी झालाई प्रेस सेन्टर नेपाल, नेपाल प्रेस मञ्च र समाजवादी प्रेस सङ्गठन समर्थन छ । यद्यपि उम्मेदवार यादवले आफ्नो समूहलाई स्वतन्त्र दाबी गर्नुभएको छ । मधेशका आठ जिल्लामा महासङ्घका ७७२ सदस्य छन् । यी सदस्यमध्येका मतदातालाई मनाउन उम्मेदवारहरूको घरदैलो सकिएको छैन ।

यो निर्वाचनमा पत्रकारका सङ्गठनहरूले अघिल्लो चुनावभन्दा फरक गठबन्धन गरेका छन् । नेपाल प्रेस युनियन र प्रेसचौतारी नेपाल एउटा गठबन्धनमा छन् भने प्रेस सेन्टर नेपाल, समाजवादी प्रेस सङ्गठन र प्रेस मञ्च नेपालसहितका सङ्गठनले अर्को गठबन्धन गरेका छन् । केन्द्रदेखि जिल्लासम्म यो गठबन्धनको प्रभाव देखिएको छ ।

## सुरक्षित अन्न भण्डारण गरौं

- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोवस्त मिलाऔं,
- अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
- अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# लैङ्गिक समानताको नीति उपलब्धिका लागि प्रयासरत

**रुपनी जिएम**

जानकी (बाँके), २७ मङ्सिर (रासस) ।

“हाम्रो पालिकामा लैङ्गिक समानता नीति बनेको हुनाले हामीले पाउने अधिकारको प्रत्याभूति भएको छ” यो भनाइ हो बाँके कोहलपुर नगरपालिका-४ की विष्णुमाया अधिकारीको । उहाँका अनुसार बाँकेको कोहलपुर नगरपालिकाले “लैङ्गिक समानता नीति” बनाएकै कारण विशेषगरी महिलाका अधिकारमा महिलाले अवसर पाएका छन् । पालिकाले “लैङ्गिक समानता नीति” लाई नीतिगत रुपमा लागू गरेर व्यावहारिक कार्यान्वयनको पक्षमा पनि जोड दिएको हुनाले महिला सशक्तीकरण र समावेशीको पक्षमा स्थानीय सरकार संवेदनशील भएको विष्णुमायाले बताउनुभयो ।

विष्णुमाया जस्तै सोही पालिका-१ की सावित्रा भण्डारीले पनि पालिकाले “लैङ्गिक समानता नीति” बनाएकामा यसले महिला, किशोरी, तथा बालिकाको हक र अधिकारको विषयमा स्थानीय सरकार गम्भीर रहेको बताउनुभयो । “बाँकेमा अरु पनि पालिका छन् तर केही पालिकामा लैङ्गिक समानता नीति नबनेकै कारण महिला, किशोरी तथा बालिकाहरु आफ्नै अधिकारको प्रत्याभूतिसम्म गर्न नसकिरहेका छैनन्” उहाँले भन्नुभयो,“तर हाम्रो पालिकामा महिला, किशोरी, तथा बालिकाले त्यस्तो पीडा बोध गर्नुपरेको छैन ।”

कोहलपुर नगरपालिकाको महिला विकास महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख घटना शाहका अनुसार नगरपालिकाले २०७६ सालमा बनाएको लैङ्गिक समानता नीतिअनुसार नै काम गरिरहेको बताउनुभयो । उहाँका अनुसार नीतिले महिला, किशोरी तथा बालिकालाई प्राथमिकता दिएको छ । ‘नीति निर्माण हुनु नै पहिलो चरणको कार्यारम्भ हो । महिलाका लागि समाजमा रहेको सदियौंदेखिको विभेद् र हिंसा एकैपटक अन्त्य हुन सक्दैन ।’ उहाँले भन्नुभयो, “विभेद् अन्त्यका लागि पालिकाले महिला, किशोरी तथा बालिकाको सामाजिक र आर्थिक विकासका लागि कार्यक्रमित र संरचनागत नीति बनाएको छ ।”

नेपालगञ्ज उपमहानगरपालिकाले नेपालको संविधान २०७२ पन्धौं पञ्चवर्षीय योजना र राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ को मूल भावना, मर्म र पालिकाको सामाजिक, धार्मिक, सांस्कृतिक अवस्थालाई मध्यनजर गर्दै लैङ्गिक समानता नीति बनाएको महिला विकास महिला बालबालिका तथा जेष्ठ नगरिक शाखा प्रमुख मञ्जु पाण्डेले बताउनुभयो । ‘‘नीतिअनुसारको कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त बजेट नभए पनि अन्तर शाखा समन्वयका आधारमा लैङ्गिक समानतालाई उच्च प्राथमिकता दिंदै कार्यक्रम गरिएको छ’’ महिला शाखा प्रमुख पाण्डेले भन्नुभयो, “नीतिगत रुपमा लैङ्गिक समानता नीतिको व्यावहारिक कार्यान्वयनको अवस्थालाई मूल्याङ्कन तथा अनुगमन प्रणाली भएको छ ।”

यसका साथै लैङ्गिक समानता कायम गर्नका लागि सम्भावित जोखिम व्यवस्थापनमा जनप्रतिनिधि, सामाजिक अभियन्ता तथा गैरसरकारी संस्थाहरुसँग समन्वय सहकार्य पनि भइरहेको बताउनुभयो । बाँके जिल्ला सामाजिक, सांस्कृतिक तथा धार्मिक रुपमा विविधता भएको जिल्ला हो । यही विविधता र परम्पराका नाममा लैङ्गिक विभेद्का परम्पराले व्यक्ति, समाज र समुदायमा अझैं पनि जरो गाडेको पाइन्छ । यसको निराकणका लागि नीतिगत व्यवस्था मात्र पर्याप्त नहुन सक्छ । यद्यपि, नीति कार्यक्रम र योजना बनाउने पहिलो खुड्किलो हो । बाँकेको जानकी गाउँपालिकाले लैङ्गिक समानता नीति नै नबनाएको बताएको छ । गाउँपालिकाका महिला शाखा प्रमुख कल्पना गाहामगरले संविधानमा व्यवस्था भएका अन्य विषयमा नीति बने पनि लैङ्गिक समानताको विषयमा यस पालिकामा लैंगिकतासम्बन्धी नीति नबनेको बताउनुभयो । ‘लैङ्गिक समानतासम्बन्धी नीति कसरी बनाउने भन्ने विषयमा हामी अन्योलमा नै छौं’ उहाँले भन्नुभयो, ‘हाम्रा कानुनी सल्लाहकारहरुले पनि यो विषयमा हामीलाई कुनै प्रकारको कानुनी सल्लाह दिनुभएको छैन ।’

गाउँपालिकाका अध्यक्ष छब्बन खाँले आफूलाई लैङ्गिक समानतासम्बन्धी नीति बनाउनु पर्ने बारेमा जानकारी नभएकाले नबनेको हो भन्नुभयो । ‘हामीले पालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रत्येक वर्ष बनाइरहेका छौं तर लैङ्गिक समानतासम्बन्धी कानुनको विषयमा त्यति जानकारी भएन’ उहाँले भन्नुभयो, ‘आगामी दिनमा यस विषयमा नीति बनाएर कार्यविधिका रुपमा कार्यान्वयन गर्नेछौं ।’बाँकेको बैजनाथ गाउँपालिकाले पनि अहिलेसम्म लैङ्गिक समानतासम्बन्धी नीति बनाएको छैन । गाउँपालिकाका उपप्रमुख निर्मला रोकायले लैङ्गिक समानता नीति नबनाए पनि स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका पक्षमा काम गरिरहेको दाबी गर्नुभयो । स्थानीय तहका कार्यक्रम लैङ्गिक हिंसा रोक्ने वा त्यसलाई वकालत गर्ने खालका छैनन् । उपप्रमुख रोकाय भन्नुहुन्छ, ‘लैङ्गिक समानताको नीति नबन्दा लक्षित वर्गलाई समेट्ने गरी न्यायिक समितिमार्फत नै काम गर्दै आइरहेका छौं ।’

आर्थिक वर्ष २०८०/८१ मा बाँकेमा जर्वजस्ती करणीको ६० वटा मुद्धा दर्ता भएको छ भने बाल यौनदूराचार (दुर्व्यवहार) को १२ वटा मुद्धा दर्ता भएको प्रहरीले जनाएको छ । त्यसैगरी अप्राकृतिक हस्तमैथुन, बालविबाह, वैबाहिक करणी, आत्महत्या दुरुत्साहन, अपहरण गरी जर्वजस्ती करणीलगायतका लैङ्गिक हिंसाका एक सय ४७ वटा मुद्धा आव २०८०/८१ मा दर्ता भएको जिल्ला प्रहरी कार्यालय बाँकेका मुद्धा फाँटका प्रमुख प्रहरी निरीक्षक नवीन चापागाईंले जानकारी दिनुभयो । उहाँका अनुसार गत आवमा दर्ता भएका एक सय ४७ लैङ्गिक हिंसाका घटनामध्ये एक सय २९ वटा मुद्धा फछ्र्यौट भएका छन् भने १८ मुद्धा अझै बाँकी रहेका छन् । लैङ्गिक हिंसा तथा घटनाका विषयमा चालु आव २०८१/८२ मा भने २२ वटा मुद्धा दर्ता भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक तुलबहादुर कार्की लैङ्गिक हिंसाका घटनाहरु कम गर्नको लागि जिल्लामा रहेका सबै सरोकारवालाले एकजुट भएर काम गर्नुपर्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, ‘सबै समस्याको समाधान प्रहरी होइन तर यहाँका लैङ्गिक हिंसाका घटनाहरु प्रहरीबाटै सल्टियोस् भन्ने अपेक्षा सरोकारवालाहरुको रहेको छ ।’ प्रहरी प्रमुख कार्कीले लैङ्गिक हिंसाको विषयमा सरोकारवालाहरुले खुलेर विषयमा चर्चा गरे पनि प्रभावकारी रुपमा काम गर्न नसकेको बताउनुभयो । अनौपचारिक सेवा क्षेत्र केन्द्र ( इन्सेक) का क्षेत्रीय संयोजक भोला महतले राज्यद्वारा बनाइएको लैङ्गिक समानताको नीतिलाई अबलम्बन गर्न प्रत्येक स्थानीय तहले कार्यविधि बनाउन आवश्यक रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, ‘स्थानीय सरकारलाई लैङ्गिक समानताको नीतिभन्दा भौतिक संरचना निर्माण कार्य बढी प्राथमिकता परेको देखिन्छ ।’ अधिकारकर्मी महतले बाँकेका प्रत्येक पालिकामा राज्यको नीतिअनुसार ऐन कानुन बन्नुपर्ने भन्दै स्थानीय तहमा नीति नबनिदिंदा राज्यका पञ्चवर्षीय योजनाहरु सफल हुन नसकेको बताउनुभयो ।

स्थानीय जनप्रतिनिधि र कर्मचारी संवेदनशील नभएकाले स्थानीय पालिकाहरुमा लैङ्गिक समानताको नीति बन्न नसकेको अधिवक्ता बसन्त गौतमले बताउनुभयो । ‘संविधानले नै व्यवस्था गरेको लैङ्गिक समानतासम्बन्धी समानताको हकलाई स्थानीय सरकारले नै नीति नबनाइदिंदा यसबाट के प्रष्ट हुन्छ भने लैंगिकता सम्बन्धि विषयमा यहाँका स्थानीय जनप्रतिनिधि र कर्मचारी संवेदनशील नभएको बुझिन्छ ।’ लैंगिकताको दृष्टिकोणले कानुनमा भएका कुराहरु व्यावहारिक रुपमा कार्यान्वयन गर्नका लागि नीति निर्माण गर्न आवश्यक भएको उहाँको भनाइ थियो ।

अधिवक्ता गौतमले लैङ्गिक समानताको नीति नबन्दा यस्ले प्रत्यक्षरुपमा महिला, बालबालिका, सिमान्तकृत समुदाय र विशेषगरी तेस्रोलिङ्गीलाई असर परेको बताउनुभयो । उहाँले भन्नुभयो, ‘संविधानमा मात्रै व्यवस्था भएर मात्रै भएन, त्यसलाई कार्यान्वयन गर्नका लागि नीति बन्न आवश्यक हुन्छ । नीति बने पो कार्यविधिमार्फत त्यसलाई लागू गर्न सजिलो हुन्छ र लक्षित वर्गका लागि त्यो प्रभावकारी पनि हुन्छ ।’ लिङ्ग, जात, भाषा, संस्कृतिका आधारमा कसैलाई पनि भेद्भाव गरिने छैन भन्ने संवैधानिक व्यवस्थाअनुसार स्थानीय संरचनामा लैङ्गिक समानताको नीति निर्माण गर्नुपर्ने उहाँको भनाइ छ ।

संविधानको धारा १८ को समानताको हकले समानका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेद्भाव गरिने छैन भनि व्यवस्था गरेको छ । संविधानको भाग ३ धारा ३८ ले महिलाको हकअन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुनेछ भन्ने प्रत्याभूत गरेको छ । राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ ले लैङ्गिक समानतायुक्त राष्ट्र निर्माणको दीर्घकालीन सोच लिएको छ । महिला, किशोरी तथा बालिकाको सामाजिक, आर्थिक विकासका लागि नीतिगत र संरचनागत व्यवस्था गर्नु नीतिको मुख्य उद्देश्य रहेको छ भने महिलाको आर्थिक, सामाजिक र राजनीतिक रुपमा सशक्तीकरणसहित कानुनी र व्यावहारिक रुपमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकबीच समानता स्थापित गर्ने’ लक्ष्य लिएको छ ।

लैङ्गिक नीतिले पछाडि परेको लैङ्गिक समुदायलाई केन्द्रमा राखेर बजेट तथा योजना बनाउन सहज हुन्छ । सरकारले वार्षिक कार्यक्रम पनि त्यसकै आधारमा बनाउँछ । सोही नीतिका आधारमा महिलाको आर्थिक अवस्थामा वृद्धि गर्दै लिङ्गका आधारमा हुने आर्थिक विभेद् अन्त्य गर्ने र समाज रुपान्तरणमा योगदान पुग्छ । यस नीतिका आधारमा प्रदेश र स्थानीय तहले लैङ्गिक नीति बनाउनुपर्ने हुन्छ । बाँकेमा आठ स्थानीय तहमध्ये तीन स्थानीय तहले मात्रै लैङ्गिक समानता नीति बनाएका छन् ।

**भूमिगत सिँचाइ प्रणालीले सहज बन्दै कृषि पेसा**

जनकपुरधाम, २७ मङ्सिर (रासस) ।

किसानको खेतमा सिँचाइ सुविधा पुऱ्याउनका लागि भूमिगत सिँचाइ प्रणाली अत्यन्त महत्वपूर्ण एवं प्रभावकारी हुँदै गएको छ । मधेश प्रदेश सरकारले धनुषा र महोत्तरी जिल्लामा भूमिगत सिँचाइ प्रणालीको माध्यमबाट सिँचाइ सुविधा पुऱ्याउन थालेपछि कृषि पेसा सहज बन्दै गएको हो । आकाशे पानीको भरमा, नहर तथा नदीनालाबाट सिँचाइको व्यवस्था गर्नुपर्नेमा यो प्रविधि किसानका लागि बरदान सावित भएको बर्दिवास-२ का किसान श्याम महतोले बताउनुभयो ।

यो प्रविधिबाट खेतीका लागि सिँचाइका साथै खानपिनका तथा दैनिक जीवनमासमेत प्रयोग भइरहेको उहाँले उल्लेख गर्नुभयो । कृषि पेसामा अबद्धलाई अहिले भूमिगत सिँचाइबाट खेती गर्न सहज भएको उहाँले बताउनुभयो ।

जलस्रोत तथा भूमिगत सिँचाइ विकास डिभिजन कार्यालय महोत्तरीद्वारा धनुषा र महोत्तरीका ग्रामीण क्षेत्रमा जडान गरिएको डिप ट्युबेल र ‘पावरड्रिल’बाट सिँचाइ सुविधा पुऱ्याइरहेको जनाइएको छ । एउटा डिप टचुबेलबाट ४० बिघा खेत सिँञ्चित हुने गरेको कार्यालयका इञ्जिनीयर अमलेश यादवले जानकारी दिनुभयो । उहाँका अनुसार दुवै जिल्लामा गरी हालसम्म ३५ वटा डिपटचुबेल जडान भएर एक हजार चार सय बिघा कृषियोग्य जमिन सिँञ्चित भइरहेको छ ।

एउटा डिपटचुबेलको संरचना निमार्णदेखि सञ्चालन गर्दाको अवस्थासम्म रु एक करोड भन्दा बढी खर्च हुने गरेको यादवले

*बाँकी तीन पृष्ठमा*

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधारतथामालपोतकार्यालयसप्तरी,राजविराज

मिति :-२०८१/०८/२५

**विषय:- ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना ।**

यसमा २००४ सालको जमावन्दी श्रेप्ता बमोजिम रैती नं. २ रक्षा प्रसाद सिंहको नाममा दर्ता रहेका साबिक प्रगन्ना जगदर मौजे बिहारपुर सा.कि.नं. २२ ज.वि.०-९-८ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला काठमाडौं म.न.पा.माठमाडौं वडा नं.९ वस्ने अनिरुद्ध प्रमाद सिंहको नाति राधा कृष्ण सिंहको छोरा दिवाकर सिंह-१ र ऐ.ऐ. बस्ने ऐ.ऐ.को छोरा प्रकाश सिंह-१ समेत २ को यस कार्यालयमा द.नं. ३६२८ मिति २०८१/०५/२३ गतेमा माग निवेदन परी हकदावी सम्वन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०८/१२ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्वन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २२ | रक्षा प्रसाद सिंह | राजबिराज | ५क | ३३९ | ०-२-८ | दिवाकर सिंह प्रकाश सिंह | यो जग्गाको फिल्डबुकमा ज.ध. महल खाली, जोतहा महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा अम्बिका देवीको नम्वरी हो। |


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विद्युतीय गाडीले घटाएनन् भाडा

**हिमाल लम्साल**

पर्सा, २६ मङ्सिर (रासस)।

हेटौंडा उपमहानगरपालिका-१४ का गोकुल ढुङ्गाना टाटा सुमोमा कोचिएर बल्खु-सिस्नेरीको बाटो हुँदै हेटौँडासम्मको धेरैपटक यात्रा गर्नुभएको छ। चाडपर्वको समयमा त चालकसहितको ११ सिटको टाटासुमोमा कोचिएर १३ जनाले पनि यात्रा गरेको उहाँलाई हिजो जस्तै लाग्छ। अहिले यही रुटमा भने सार्वजनिक विद्युतीय सवारीसाधन 'इभी हाइस' सञ्चालन भएदेखि उहाँजस्तै धेरै यात्रुले केही हदसम्म भए पनि सहज महसुस गर्दै आइरहेका छन्। ''टाटा सुमोमा तीन जनाको सिटमा कोचिएर चार जना यात्रुले यात्रा गर्दा निकै सकस हुन्थ्यो,'' यात्रु ढुङ्गानाले भन्नुभयो, ''अहिले त छिटफुट रुपमा चल्ने इभी हाइसले तुलनात्मक रुपमा धेरै सहज बनाएको छ। यसले त कम्तीमा सिट सङ्ख्या अनुसारकै यात्रु ओसार्ने भएकाले पनि राहतको महसुस भइरहेको छ।''

उहाँ इन्धनबाट चल्ने टाटा सुमो र विद्युत्बाट चल्ने इभी हाइसको भाडा उस्तै हुँदा भने मन खिन्न भएको बताउनहुन्छ। ''इभी गाडी चढेपछि त यो रुटको भाडा घट्ला भन्ने लागेको थियो तर अहिले पनि भाडा उस्तै छ,'' उहाँले भन्नुभयो, ''इभी र अन्य गाडीको उस्तै भाडा त व्यावहारिक भएन नि !'' ढुङ्गाना मात्रै होइन, अधिकांश यात्रु पछिल्लो समय काठमाडौं-हेटौंडा-वीरगञ्ज रुटमा टाटासुमोभन्दा इभी हाइसमा यात्रा गर्न सहज मान्न थालेका छन्।

वीरगञ्ज महानगरपालिका-१६ नगवाका राधेकृष्ण कुशवाहा पनि भरसक इभी हाइसमा नै यात्रा गर्ने बताउनुहुन्छ। ''टाटासुमोमा धेरैपटक अटेसमटेस हुँदै यात्रा गर्‍यौँ। तर बिजुली बसमा यात्रा गर्दा छुट्टै खालको अनुभव हुने रहेछ,'' उहाँले भन्नुभयो, "नत आवाज नै आउने, नत वातावरण नै प्रदूषण हुने। स्वदेशमा नै उत्पादन भएको बिजुलीबाट चल्ने भएकाले पनि धेरैको रोजाइको विषय बनेको छ।''

टाटा सुमो र इभी हाइसको एउटै भाडा हुनु भने दुर्भाग्य रहेको उहाँ बताउनुहुन्छ। ''बिजुलीबाट चल्ने गाडी र टाटा सुमोको एउटै भाडादर हुनु कति पनि सुहाएको जस्तो देखिन्न,'' उहाँले भन्नुभयो, ''यसमा कम्तीमा पनि राज्यले हस्तक्षेप गरेर छुट्टै भाडा दर तोक्न जरुरी भइसकेको छ।''डेढ वर्षदेखि वीरगञ्ज-हेटौँडा-काठमाडौँ रुटमा बागमती प्रदेश ००१ ज ४३३ नम्बरको ११ सिटे इभी हाइस चलाउँदै आएका सवारीचालक अनिल लामाले यो रुटमा इभी हाइस सञ्चालनमा कुनै पनि समस्या नरहेको बताउनुहुन्छ। ''वीरगञ्ज-हेटौँडा हुदैँ काठमाडौँको बल्खुसम्म ओहोरदोहोर गर्नका लागि एक हजार १०० को चार्जिङले पुगिहाल्छ,'' उहाँले भन्नुभयो, ''पछिल्लो समय यो रुटमा इभी हाइस सवारीसाधन थप्ने क्रम बढिरहेको छ।''

चालक लामाको परिवारले गत डेढ वर्षअघि चारवटा इभी हाइस किनेर सञ्चालन गर्दै आइरहेको छ। ''४५ लाख रुपैयाँ खर्चेर केवाइसी इभी हाइस विद्युतीय गाडी किन्यौँ। यसमा डाइभर सिटसहित ११ सिट हुने गर्छ।'' एघार सिटे इभी हाइसले बल्खुदेखि-हेटौँडा-वीरगञ्जसम्मको यात्रु पाएको खण्डमा मासिक दुई लाखको हाराहारीमा आम्दानी गर्ने गर्छन। ''सिट क्षमताअनुसारको यात्रु पाउने हो भने त कमाई राम्रै छ,'' उहाँले भन्नुभयो, ''सबै खर्च कटाएर दैनिक ६५ सय बचत हुँदै आइरहेको छ।'' यो रुटका वीरगञ्ज-हेटौँडा-बल्खु रुटमा चल्ने इभी हाइसले रु आठ सय ५० भाडा लिने गर्छन्। त्यस्तै टाटा सुमोको भाडा पनि सोही आठ सय ५० रुपैयाँ नै छ।

पेट्रोलियम पदार्थबाट चल्ने सार्वजनिक सवारीसाधनको तुलनामा विद्युतीय सवारीसाधनको लागत खर्च पनि धेरै कम हुने गर्छ तर इभीका सवारीसाधनको भाडा भने उस्तै छ। सर्वसाधारणले इभी र पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनको फरक अनुभूति भने गर्न पाइरहेका छैनन्। यही रुटमा चल्ने टाटा सुमोका लागि भने दैनिक आउजाउ गर्न मात्रै पाँच हजारदेखि ५५ सयसम्मको सम्मको इन्धन खर्च लाग्ने दाबी गर्छन्।

नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोसले सार्वजनिक विद्युतीय सवारीसाधनतर्फ सर्वसाधारणको आकर्षण बढे पनि भाडा दर उस्तै हुँदा यात्रुले फरक अनुभूति गर्न नपाएको बताउनुहुन्छ। ''पेट्रोलियम पदार्थबाट चल्ने सार्वजनिक सवारीसाधन र बिजुलीबाट चल्ने सार्वजनिक सवारीसाधनको खर्च धेरै कम छ,'' उहाँले भन्नुभयो,''विद्युतीय सार्वजनिक सवारीसाधनले भाडा उस्तै राख्दा पनि सर्वसाधारणको सोतर्फ आकर्षणलाई अझै बढाउन सकिने थियो।''नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजय स्वाँरले विद्युतीय माइक्रोबस, हाइस र सानो माइक्रोलगायतका सवारीसाधन थपिने क्रम बढ्दै गइरहेको बताउनुहुन्छ।

''सार्वजनिक यातायात पनि विद्युतीय गाडीमा जानुपर्छ भन्नेमा महासङ्घ सकारात्मक नै छ। लगानीकर्ताले लगानी गरिसकेपछि लगानीको संरक्षण हुनैपर्ने हुन्छ।'' उहाँले भन्नुभयो, ''हामी पनि सकभर इभी गाडीमा जानेतर्फ सकारात्मक भइरहेका छौँ।'' विद्युतीय सार्वजनिक सवारीसाधनमा इन्धन खर्च ह्वात्तै घटे पनि सार्वजनिक सवारीसाधनको भाडा भने घटाएका छैनन्। सर्वसाधारणले विद्युतीय सार्वजनिक सवारीसाधन र इन्धनबाट चल्ने सवारीसाधनको भाडा उस्तै तिर्दै आइरहेका छन्। यातायात व्यवस्था विभागले सहरी क्षेत्रमा चल्ने विद्युतीय र इन्धनबाट चल्ने ट्याक्सीको भाडादर छुटाछुट्टै दर कायम गर्दै आइरहेको छ। तर अहिलेसम्म सार्वजनिक विद्युतीय सवारीसाधनको भाडा भने कायम गर्न सकिरहेको छैन।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष स्वाँर विद्युतीय सार्वजनिक सवारीसाधनको लागत धेरै र यसको ह्रासकट्टी छोटो समयमा हुने भएकाले पनि अपेक्षाकृत रुपमा भाडा घटाउन नसकिएको बताउनुहुन्छ। ''इन्धनबाट चल्ने सार्वजनिक सवारीसाधन ढुक्कले २० वर्षसम्म चल्न सक्छन्,'' उहाँले भन्नुभयो, ''विद्युतीय सवारीसाधनको ब्याट्रीको आयु नै पाँच वर्षको हुनेगर्छ। अर्कोतर्फ विद्युतीय सवारीसाधनको ह्रासकट्टी पनि इन्धनबाट चल्ने भन्दा धेरै कम हुने गर्छ। त्यसैले पनि भाडा सस्तो हुन सकिरहेको छैन।''

### *लैङ्गिक समानताको...*

बताउनुभयो। गत आर्थिक वर्षमा पाँचवटा डिपटचुबेलको निर्माण प्रक्रिया सुरु भएको थियो। एउटा निमार्णमा रु ३० लाखसम्म खर्च भएको भन्दै चालु आवमा थप खर्च गरेर निर्माण सम्पन्न गरिने कार्यालयले जनाएको छ। अहिले पाँचवटाको निर्माणमा रु एक करोड ५० लाख खर्च भइसकेको छ।

हालसम्म ५० वटा पावरड्रिल निमार्ण भई सञ्चालनमा रहेका कार्यालयका इञ्जिनीयर यादवले जानकारी दिनुभयो। एउटा पावरड्रिलबाट नौ बिघा जमिनमा सिँञ्चाइ हुने गरेको छ। एउटा पावरड्रिल निर्माणदेखि सञ्चालनसम्ममा रु १६ लाख लाग्ने गरेको उहाँको भनाइ छ। कार्यालयबाट प्राप्त विवरण अनुसार गत आर्थिक वर्षदेखि हालसम्म ८१ पावरड्रिल निर्माण प्रक्रियामा छन्।

दुवै जिल्लामा डिपटचुबेल तथा पावरड्रिलबाट एक हजार आठ सय ५० बिघामा सिँचाइ भइरहेको कार्यालय प्रमुख नयन पोखरेलले जानकारी दिनुभयो। डिपट्युबेल निमार्ण उपभोक्ता समितिबाट भइरहेको छ। मधेश प्रदेश सरकारअन्तर्गत रहेको सो कार्यालयका लागि चालु आर्थिक वर्षमा बजेट विनियोजन कम भएकाले काममा समस्या हुँदै आएको कर्मचारीले बताएका छन्।

भूमिगत सिँचाइका लागि २०४१ सालमा स्थापना भएको कार्यालयबाट निर्माण भएको एक दर्जन डिपटचुबेलको ट्रान्सफर्मर चोरी भएको इञ्जिनीयर यादवले बताउनुभयो। सम्बन्धित प्रहरी कार्यालयमा पटक-पटक लिखित तथा मौखिक रूपमा जानकारी गराइए हालसम्म कसैलाई कुनै कारबाही नभएको उहाँले गुनासो गर्नुभयो। ट्रन्सफर्मरमा तामाको क्वायल रहने हुँदा चोरी हुनसक्ने उहाँले उल्लेख गर्नुभयो।


नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख बिभाग

भूमिसुधारतथामालपोतकार्यालयसप्तरी,राजबिराज

मिति :-२०८१/०८/२५

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. २ रक्षा प्रसाद सिंहको नाममा दर्ता रहेका साबिक प्रगन्ना जगदर मौजे बिहारपुर सा.कि.नं. २२ को ज.वि. ०-९-८ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.बि.स. फकिरा वडा नं.१ हाल राजबिराज न.पा. वडा नं. ८ बस्ने जितन प्रसाद सिंहको बुहारी रामाशिष प्रसाद सिंहको पत्नी श्रीमती शैल कुमारी सिंह-१ र ऐ. ऐ. बस्ने ऐ. को बुहारी राज नारायण सिंहो पत्नी विमल देवी सिंह-१ ऐ.ऐ. बस्ने लक्ष्मी प्रसाद सिंहको नाति जितन प्रसाद सिंहको माहिलो छोरा पशुपति प्रसाद सिंह-१ ऐ.ऐ. बस्ने ऐ.ऐ.को काहिलो छोरा अनन्त प्रसाद सिंह-१ समेत ४ को यस कार्यालयमा द.नं. ३६२९ मिति २०८१/०५/२३ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०८/१२ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्वन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.बि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २२ | रक्षा प्रसाद सिंह | राजविराज | ५क | ३३८ | ०-२-७ | श्रीमती शैल कुमारी सिंह<br>बिमल देवी सिंह<br>पशुपति प्रसाद सिंह<br>अनन्त प्रसाद सिंह | यो जग्गाको फिल्डबुकमा ज.ध. महल खाली, जोतहा महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा जितन प्रसादको नम्बरी हो। |


## विश्व समाचार

### अमेरिकी सैन्य अखडामा ड्रोन उडाएको आरोपमा चिनियाँ नागरिक पक्राउ

लस एन्जेल्स, २७ मङ्सिर (रासस/एएफपी)।

क्यालिफोर्नियास्थित भान्डेनबर्ग स्पेस फोर्स बेसमाथि ड्रोन उडाएको आरोपमा एक चिनियाँ नागरिकमाथि अभियोग लगाइएको अमेरिकी न्याय मन्त्रालयले बुधबार जनाएको छ। सान फ्रान्सिस्कोबाट चीन जाने विमानमा चढ्ने तयारीमा रहेका ३९ वर्षीय यिन पियाओ झोउलाई पक्राउ गरिएको अधिकारीहरूले बताएका छन्।

अमेरिकी महान्यायाधिवक्ता मार्टिन एस्ट्राडाले भन्नुभयो, "ती प्रतिवादीले अमेरिकी कानुनविपरीत सैन्य अखडामाथि ड्रोन उडाएका र शिवरको आधारको फोटो खिचेका थिए।" उहाँले भन्नुभयो, "हाम्रो राष्ट्रको सुरक्षा सर्वोपरि महत्वको छ र मेरो कार्यालयले हाम्रो देशको सैन्य कर्मचारी र सुविधाहरूको सुरक्षामा वृद्धि गर्नेछ।"

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले बिहीबार नियमित पत्रकार भेटमा यस सम्बन्धमा 'सोधिएको प्रश्नमा आफूलाई जानकारी नभएको' बताउनुभएको छ। चार्जिंग डकुमेन्टका अनुसार भ्यान्डेनबर्गमा रहेको डिटेक्सन सिस्टमले नोभेम्बरको अन्त्यमा १.६ किलोमिटर माथि उडेको ड्रोनलाई 'ट्र्याक' गरेको थियो।

एलोन मस्कको स्पेसएक्स फाल्कन ९ रकेटका साथै क्षेप्यास्त्र परीक्षणसहित अन्तरिक्ष मिसनको प्रक्षेपण स्थलमा रहेका सुरक्षाकर्मीले झोउलाई उनको ज्याकेटमा लुकेको उपकरण (ड्रोन) सहित नजिकैको सार्वजनिक पार्कमा फेला पारेका थिए।

अमेरिकी अधिकारीहरूले ड्रोनको जाँच गर्दा त्यसमा हवाई अडडाका तस्वीरहरू थिए। न्याय मन्त्रालयका अनुसार झोउ चिनियाँ नागरिक हुनुहुन्छ र संयुक्त राज्य अमेरिकाको वैध स्थायी बासिन्दा हनुहुन्छ। उहाँ फेब्रुअरीसम्म चीनमा हुनुहुन्थ्यो।

सान फ्रान्सिस्कोको एक अदालतमा मङ्गलबार उपस्थित हुँदा झोउले यातायात सेवा प्रदान नगर्ने विमान दर्ता गर्न असफल भएको र राष्ट्रिय प्रतिरक्षा हवाई क्षेत्रको उल्लङ्घन भएको स्वीकार्नु भएको थियो।

उनलाई आगामी केही हप्तामा लस एन्जेल्सस्थित अमेरिकी जिल्ला अदालतमा उपस्थित गराइने बताइएको छ। झोउलाई जमानतमा रिहा गर्ने अदालतको निर्णयविरुद्ध अभियोजकहरूले अपिल नगरेसम्म उहाँ हिरासतमा रहनुहुनेछ। वासिङ्टन र बेइजिङबीच नाटकीय रूपमा तनाव बढाउने राष्ट्रिय सुरक्षा घटनाको दुई वर्ष नबित्दै यो घटना भएको हो।

सन् २०२३ को सुरुमा संयुक्त राज्य अमेरिकाले संवेदनशील अमेरिकी सैन्य प्रतिष्ठानहरूभन्दा माथि उडेको जासुसी बेलुन पत्ता लगाएको थियो र यसलाई गोली हानी खसालेको थियो।

यस घटनाले चीनले महत्वपूर्ण गुप्तचरहरूलाई अमेरिकाविरूद्ध प्रयोग गरिरहेको छ भन्ने चिन्ता उत्पन्न गरेको छ अमेरिकी अधिकारीहरूले बताएका छन् भने बेइजिङले यो एक निजी हवाई उपकरण (जहाज) भएको बताएको छ।

### भारतीय सेनाको गोली लागी सात माओवादी विद्रोहीको मृत्यु

रायपुर, २७ मङ्सिर (रासस/एएफपी)।

भारतीय सेनाले बिहीबार सात जना माओवादी विद्रोहीलाई गोली हानेर मारेको छ। सेनाले छत्तीसगढ राज्यको बस्तर क्षेत्रको दुर्गम जङ्गलमा भएको झडपमा उनीहरूको मृत्यु भएको जनाएको छ। भएको थियो। लामो समयदेखि जारी सशस्त्र द्वन्द्वलाई दबाउन सुरक्षा बलले प्रयास तीव्र पारेपछि पछिल्ला केही महिनामा भारतमा नक्सलवादी आन्दोलनका नामले चिनिने माओवादी विद्रोहीले व्यापक क्षति ब्यहोर्नुपरेको छ।

दशकौं लामो नक्सलवादी आन्दोलनका क्रममा १० हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ। नक्सलवादी समूहका अनुसार भारतको संसाधन-समृद्ध मध्य क्षेत्रका सीमान्तकृत आदिवासीहरूको अधिकारका लागि लडिरहेका छन्।

हालैका वर्षहरूमा विद्रोह निकै खुम्चिएको छ र सुरक्षा बलको कारबाहीमा यस वर्ष २०० भन्दा बढी विद्रोही मारिएको सरकारी तथ्याङ्कले देखाएको छ। प्रहरी महानिरीक्षक पी सुन्दरराजले एएफपीसँग भन्नुभयो, "अहिलेसम्म नक्सलबादी समूहको पोशाकमा रहेका सात जनाको शव फेला परेको छ। झडपमा थप व्यक्तिको पनि मृत्यु भएको अनुमान गरिएको छ। तर अन्य व्यक्तिको शब फेला पे्को छैन।"

भारतीय गृहमन्त्री अमित शाहले गत सेप्टेम्बरमा माओवादी विद्रोहीहरूलाई आत्मसमर्पण गर्न वा 'चौतर्फी' आक्रमणको सामना गर्न चेतावनी दिँदै सरकारले सन् २०२६ को सुरुसम्म विद्रोह अन्त्य गर्ने अपेक्षा गरेको बताउनुभएको थियो।

सन् १९६७ मा सशस्त्र अभियान सुरु भएको जिल्लाको नामबाट नामाकरण गरिएका नक्सलवादीहरू चिनियाँ क्रान्तिकारी नेता माओत्सेतुङबाट प्रेरित भएको मानिन्छ। उनीहरूले स्थानीय बासिन्दाहरूका लागि भूमि, रोजगारी र यस क्षेत्रको अथाह प्राकृतिक स्रोतहरूको हिस्साको माग गरेका छन् र भारतको पूर्वी र दक्षिणका धेरै दुर्गम समुदायहरूमा आफ्नो छाप छोड्न सफल भएका छन्।

सन् २००० को दशकको सुरुसम्म आन्दोलनले शक्ति र सङ्ख्या बढाएको पाइन्छ। नयाँ दिल्लीले 'रेड करिडोर' भनिने क्षेत्रमा विद्रोहीविरुद्ध दशौं हजार सुरक्षाकर्मी तैनाथ गरेपछि आन्दोलनले बिस्तारै आधार गुमाउन थालेको देखिन्छ। त्यसपछि अधिकारीहरूले स्थानीय पूर्वाधार र सामाजिक परियोजनामार्फत् उक्त षेत्रमा लाखौं डलर लगानी गरेका छन्।

# उपप्रमुखहरूलाई अधिकार दिनुपर्ने माग

जनकपुरधाम, २७ मङ्सिर (रासस)। मधेश प्रदेशको धनुषा जिल्लाअन्तर्गत स्थानीय पालिकाका उपप्रमुख तथा उपाध्यक्षले वर्तमान संविधान तथा ऐन, कानुनमा भएको व्यवस्था अनुसार नगरपालिका तथा गाउँपालिकाका उपप्रमुखलाई अधिकार नदिएको गुनासो गर्नुभएको छ।

धनुषाका स्थानीय पालिकाका उपप्रमुख/उपाध्यक्षको सहिद नगरपालिकामा बिहीबार आयोजित अन्तरक्रिया कार्यक्रममा नगरपालिका तथा गाउँपालिकाको ऐन तथा कानुनमा स्पष्ट रूपमा अधिकार दिए पनि व्यवहारमा कुनै अधिकार नदिएकाले कानुनअनुसार अधिकार दिन माग गर्नुभएको हो।

कमला नगरपालिकाका उपप्रमुख शिला मण्डलले आफूहरू सुविधा लिन मात्र उपप्रमुख नभएको बताउँदै जनताको हकअधिकारका लागि निर्वाचित भएर आएकाले जनताको हितका पक्षमा काम गर्नेगरी अधिकार दिन माग गर्नुभयो। उहाँले जनताको सेवासहित काम गर्न आएकाले सोहीअनुसार वातावरण बनाएर सहजीकरण गरी दिन प्रमुखलाई आग्रह गर्नुभयो।

जनकपुर उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले गाउँपालिका तथा नगरपालिकाका प्रमुखले कुनै राय/सल्लाह नगरी आफूखुसी काम गर्ने परिपाटीले प्रमुख तथा उपप्रमुखबीच द्वन्द्व बढ्दै गएको बताउनुभयो।

न्यायिक समितिको संयोजक उपप्रमुखलाई तोकिए पनि त्यो कार्य प्रभावकारी रूपमा अगाडि बढ्न नसकेको उहाँको भनाइ छ। उहाँका अनुसार वर्तमान संविधानमा उपाध्यक्ष/उपप्रमुखलाई न्यायिक समितिको संयोजक तोकेको छ।

स्थानीय तह सञ्चालन ऐनले उपाध्यक्ष तथा उपप्रमुखलाई अध्यक्ष तथा प्रमुख नभएको अवस्थामा निजको कार्यभार सम्हाल्ने, गैरसरकारी सङ्घसंस्थाको क्रियाकलापको समन्वय गर्ने, उपभोक्ताहित संरक्षणसम्बन्धी कार्यको समन्वय गर्ने, योजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्ने, सभा तथा कार्यपालिकाद्वारा गठित समितिको काममा सहजीकरण र समन्वय गर्ने, कार्यपालिका तथा अध्यक्ष वा प्रमुखले प्रयोजन गरेका वा तोकेका न्यायसम्बन्धी कार्य गर्ने व्यवस्था कार्यक्रममा प्रस्तुत प्रतिवेदनमा जानकारी दिइएको छ।

प्लान इन्टरनेशनल नेपालको सहयोगमा आसमान नेपालद्वारा आयोजित कार्यक्रममा गाउँपालिकाको काम, अधिकार क्षेत्र र वर्तमान अवस्थाका बारेमा जानकारी दिइएको थियो।

# 'आँखाको क्यान्सर 'रेटिनोब्लास्टोमा' बारे सचेत बन्नौं'

काठमाडौं, २७ मङ्सिर (रासस)। के तपाईले अध्यारो कोठामा आफ्ना नानीबाबुको तस्विर खिच्दा आँखाको नानीको कालो भागमा सेतो टीका देखिन्छ? यदि देखिन्छ भने सचेत हुनुहोला। यो सुझाव हो आँखाको क्यान्सर विशेषज्ञ डा पूर्णिमा राजकर्णीकार स्थापितको। उहाँ भन्नुहुन्छ, "यस्तो हुँदा सचेत रहनुहोला र अन्य लक्षणहरू पनि ख्याल गर्नुहोला!" आँखा असामान्य रूपमा रातो हुने, दुख्ने, आँखाको आकार ठूलो हुँदै जाने, बाहिरतिर आउने, आँखाको डेढोपन र आँखा सुक्दै जाने लक्षणहरू देखिन्छन् भने बालबालिकाको आँखामा हुने क्यान्सर जस्तो घातक रोग 'रेटिनोब्लास्टोमा' हुनसक्छ।

"पाँच वर्षमुनिका बालबालिकामा यी लक्षणहरू देखिए तुरुन्त पहिचान र उपचार हुनुपर्छ", तिलगङ्गा आँखा प्रतिष्ठानका ओकुलर ओन्कोलोजिस्ट र ओकुलोप्लास्टिक सर्जन डा स्थापित भन्नुहुन्छ, "रेटिनोब्लाष्टोमाको समयमा उपचार नहुँदा आँखाको ज्योतिमात्र गुम्दैन यसले बालबालिकाको मृत्युको जोखिमसमेत बढाउछ।" प्रारम्भिक अवस्थामा समस्या पहिचान गर्न सके यो रोग फैलिनबाट बचाउन सकिने उहाँको भनाइ छ। "आँखामा ट्युमर विकास हुनुअघि नै यसको पहिचान हुनुपर्छ। यसबारे अभिभावक सुरुदेखि नै सचेत हुनुपर्छ", डा स्थापितको सुझाव छ।

विश्वमा १५ हजार बालबालिकामध्ये एक जनामा रेटिनोब्लास्टोमाको समस्या हुने गर्छ। धेरैजसो पाँच वर्षमुनिका बालबालिकामा यो समस्या देखिने गरेको चिकित्सकहरूले बताउने गरेका छन्। डेढ वर्षको उमेर समूहका बालबालिकामा यो समस्या बढि देखिने गरेको डा स्थापितले जानकारी दिनुभयो। उहाँका अनुसार तिलगंगा आखाँ प्रतिष्ठानमा मात्रै वार्षिक ५० जना यस्ता नयाँ बिरामी थपिने गरेका छन्। त्यसमध्ये मधेश प्रदेशका सिरहा र सर्लाहीबाट आउने बिरामी धेरै छन्। "नेपालमा आँखा परीक्षण गर्ने चलन छैन। कतिपय बालबालिकालाई जन्मदै आँखामा यो समस्या हुन सक्छ। त्यसैले समयमै आफ्नो बालबालिको आँखा स्वास्थ्यबारे ख्याल गरौं", डा स्थापित भन्नुहुन्छ।

विकसित देशहरूमा यस्तो आँखा क्यान्सरबाट मृत्यु हुने दर पाँच प्रतिशत रहेको छ तर विकासशील देशहरूमा भने मृत्युदर ५० प्रतिशत रहेको छ। समयमा पहिचान र उपचार नभए बालबालिकाको मृत्युको जोखिम ९९ प्रतिशतसम्म हुने गरेको जानकारहरू बताउँछन्। दक्षिण एसियाका बङ्गलादेश, पाकिस्तान र नेपालमा मृत्युदर बढि देखिएको छ।

**उपचार के हो?**

रेटिनोब्लास्टोमाको उपचार शल्यक्रियाबाट हुन्छ। डा स्थापितले शल्यक्रियाबाट ट्युमरको उपचारका साथै अवस्थाअनुसार किमो थेरापी र रेडियसन पनि आवश्यक हुने बताउनुभयो। शल्यक्रियाबाट नक्कली आँखा प्रत्यारोपणसमेत गर्ने गरिएको उहाँले जानकारी दिनुभयो। "आँखा र दृष्टि दुवै बचाउनका लागि समयमा पहिचान हुनु अनिवार्य छ, अस्पताल छिटो आउनुपर्‍यो। रोग लागिसकेपछि लेजर पद्धतिबाट शल्यक्रिया गरिन्छ। यसको उपचार लगातार दुई तीन वर्षसम्म गरिरहनुपर्ने हुन्छ", डा स्थापित भन्नुहुन्छ।

यस रोगबारे पर्याप्त जनचेतना नहुनु र कमजोर आर्थिक अवस्थाका कारण पनि बिरामीले समयमै पहिचान र उपचार पाउन नसकेको नेत्र रोग विशेषज्ञहरू बताउछन्।

# वीरगञ्जबाट डिजेल आयात घट्यो

पर्सा, २७ मंसिर (रासस)। वीरगञ्जबाट डिजेल आयातमा घटेको छ। चालु आर्थिक वर्षको प्रथम चार महिनामा डिजेलको आयात नौ दशमलव ४१ प्रतिशतले घटेको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।

डिजेल आयात घटेसँगै राजस्व पनि १५ दशमलव १६ प्रतिशतले घटेको छ। आव २०८१/८२ को चार महिनामा रु २१ अर्ब ८४ करोड आठ लाख ७६ हजारको दुई लाख ४६ हजार सात सय १९ किलोलिटर डिजेलको आयात भएको थियो। गत आवको सोही अवधिमा भने रु ३० अर्ब १७ करोड ७६ लाख ४८ हजारको डिजेल आयात भएको थियो।

प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले पेट्रोलियम पदार्थ, सवारीसाधन र कच्चापदार्थको आयात घट्दा राजस्व सङ्कलनमा असर परेको बताउनुभयो।

मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनबाट डिजेल आयात हुने गरेको छ भने पेट्रोल टयाङ्करबाट नै पैठारी हुँदै आएको छ।

नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले चालु आवको कात्तिक महिनासम्म निर्माण क्षेत्र ठप्प रहेकाले डिजेल आयात घटेको बताउनुभयो। उहाँले भन्नुभयो, "सरकारले निर्माण क्षेत्रलाई चलायमान गराउन जरुरी छ। त्यसो नगरे पुँजीगत खर्च बढ्दैन।"

त्यसैगरी, चालु आवको चार महिनामा रु १२ अर्ब ४२ करोड ६१ लाख ३७ हजारको एक लाख ४२ हजार आठ सय ६५ किलोलिटर पेट्रोल आयात भएको छ। गत आवको सोही अवधिमा रु १३ अर्ब १८ करोड ४९ लाख ९० हजारको एक लाख २९ हजार एक सय २६ किलोलिटर पेट्रोल आयात भएको थियो।

# पन्ध्र शय्याको अस्पताल भवन शिलान्यास

बोदेबरसाइन (सप्तरी) २७ मङ्सिर (रासस)। जिल्लाको बोदेबरसाइन नगरपालिका-५ मा १५ शय्याको अस्पताल निर्माण गर्न बिहीबार भवनको शिलान्यास गरिएको छ। शत्रुध्न हस्पिटल नजिकै रहेको सार्वजनिक जग्गामा १५ शय्याको आधारभूत अस्पताल निर्माण थालनी गर्न भवन शिलान्यास गरिएको हो।

तेह्र कठ्ठा क्षेत्रफलमा रु १९ करोड ६२ लाख ४५ हजार २७ लागतमा अस्पताल निर्माण हुन लागेको नगरपालिकाका स्वास्थ्य शाखा संयोजक राजनारायण ठाकुरले जानकारी दिनुभयो। उहाँका अनुसार नगरप्रमुख आतेशकुमार सिंहको प्रमुख अतिथिमा भवन शिलान्यास गरिएको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देशभर पाँच, १० र १५ शय्यासम्मको अस्पताल नभएका स्थानीय तहमा भवन बनाउने योजना बनाए अनुसार बोदेबरसाइनमा निर्माण प्रक्रिया अघि बढेको संयोजक ठाकुरले बताउनुभयो। अस्पताल सञ्चालनमा आएपछि सामान्य बिरामी हुँदा पनि पालिकाबाहिर पठाउनुपर्ने बाध्यता अन्त्य हुने उहाँको भनाइ छ।

विसं २०८४ मङ्सिरसम्ममा सम्पन्न गर्नेगरी भवन निर्माणको जिम्मा काभ्रेको न्यू ड्राइगन निर्माण सेवा प्रालिलाई दिइएको नगर कार्यालयले जनाएको छ। भवन शिलान्यास कार्यक्रममा उपप्रमुख रेणुकुमारी साह, वडाध्यक्ष मोमोजिबुर रहमान, राजकुमार यादव, तपसी यादव, नगरपालिकाका कर्मचारी, जनप्रतिनिधि, स्वास्थ्य संयोजक ठाकुरलगायत स्थानीयको उपस्थिति थियो।

तीन वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी बहुवर्षीय ठेक्का प्रक्रिया अघि बढाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नीति योजना महाशाखाले सहमति दिएपछि सोही अनुसार कार्य भइरहेको नगरपालिकाका इन्जिनीयर दिनेश ठाकुरले जानकारी दिनुभयो।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा सांस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*